वेसीशहर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
स्वास्थ्य शाखा
वेसीशहर,लमजुङ
गण्डकी प्रदेश,नेपाल

# सामाजिक परीक्षण सम्बन्धी सूचना

*(प्रथम पटक प्रकाशित मिति : २०७५/१२/२५ सूचना नं. १५ )*

आर्थिक वर्ष २०७५/७६ को स्विकृत कार्यक्रम अनुसार यस कार्यालय अन्तर्गतका विभिन्न स्वास्थ्य संस्थाहरुमा सामाजिक परिक्षण तथा गत आ.व मा सामाजिक परीक्षण गरीएका संस्थाहरुमा संक्षिप्त सामाजिक परीक्षण(फलोअप) गर्नुपर्ने भएकोले निम्न बमोजिमका योग्यता पुगेका संघ/संस्था वा नेपाली नागरिकताहरुबाट प्राविधिक तथा आर्थिक प्रस्ताव आह्वान गरिन्छ ।

## आवश्यक न्यूनतम योग्यता :

**क) व्यक्तिको हकमा :**

१) आवदेन व्यक्ति सम्बन्धित जिल्लाको बासिन्दा हुनुपर्ने छ ।

२) न्यूनतम शैक्षिक यौग्यता प्रमाणपत्र वा सो सरहको हुनुपर्ने छ ।

३) सामाजिक परिचालन तालिम तथा गोष्ठी सहजीकरण कार्यमा कम्तीमा ५ वर्षको अनुभव भएको हुनुपर्ने छ ।

४) लमजुङ जिल्लाको स्वास्थ्य सेवा प्रवाह र सरकारले उपलब्ध गराउने सेवा सुविधाका विषयमा ज्ञान भएको हुनुपर्ने छ ।

५) सूचना संकलन,विश्लेषण तथा प्रतिवेदन लेख्ने सीप र अनुभव भएको हुनुपर्ने छ ।

६) स्थानीय तह बैठक,अभिमुखीकरण र गोष्ठीहरुको सहजीकरण गर्न सक्ने हुनुपर्ने छ ।

७) सामाजिक परीक्षण प्रक्रियामा उठेका विषय र सन्दर्भहरुलाई परिपक्क र संयमित रुपमा सहजीकरण गर्न सक्ने सीप भएको हुनुपर्ने छ ।

**ख) संस्थाको हकमा :**

१) लमजुङ जिल्लामा दर्ता भई कम्तिमा ३ वर्ष सक्रिय रुपमा कार्यरत रहेको ।

२) सरकारको स्वास्थ्य सेवा प्रदान गर्ने प्रक्रिया,स्वास्थ्य र सामाजिक न्यायको क्षेत्रमा कार्य अनुभव भएको ।

३) नियमित रुपले वार्षिक लेखा परीक्षण गराएको र संस्था दर्ता नवीकरण गराएको ।

४) आफ्नो संस्थाका कार्यक्रम र योजनाको सामाजिक परिक्षण वा सामाजिक सुनुवाइ गरेको अनुभव संस्थालाई प्राथमिकता दिइने छ ।

५) संस्था भ्याटमा दर्ता भएको हुनुपर्ने छ ।

**प्राविधिक तथा आर्थिक प्रस्ताव वेसीशहर नगरपालिकाको कार्यालय,स्वास्थ्य शाखा,वेसीशहर लमजुङमा सम्पर्क राखि लिनुपर्ने छ ।**

**प्रस्ताव खरिद गर्ने मिति** :२०७६/०१/०९ गते कार्यालय **समय भित्र ।**

**प्रस्ताव दर्ता गर्ने मिती** :२०७६/०१/१० गते दिनको १२:०० बजे सम्म ।

**प्रस्ताव खोल्ने मिति** : २०७६/०१/१० गते दिउसो २:०० **बजे सम्म ।**

मोहनप्रसाद मरासिनी
प्रमुख प्रशासकीय अधिकृत